परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष ९ ❑ अंक ३३ २०७७ चैत १५ गते आईतवार Sunday 28, MAR, 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## बड्ही समाजद्धार शुभकामना आदान-प्रदान तथा सम्मान



बिराटनगर । नेपाल बड्ही समाज जिल्ला कार्यसमिति, मोरंगले होली पर्व तथा नयाँ वर्ष २०७६८ सालको शुभअवसरमा शुभकामना आदान-प्रदान तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रमको प्रमुख अतिथी बिराटनगर महानगर पालिकाका मेयर भीम पराजुलीले समुद्घाटन गर्नु हुँदै बड्ही जातीको उत्थानका लागि विराटनगर महानगरपालिका सहयोग गर्न तयार रहेको भन्दै बड्ही जातिको यूवाहरुलाई के कस्ता सीपहरु विकासका तालिमहरु दिनु पर्ने वा कुन तालिममा सहभागी गिराउनु पर्ने विराटनगर महानगर पालिकालाई जानकारी गराउन आग्रह गर्दै त्यसको लागि जस्तो सुकै सहयोग तयार रहेको वताए ।

बड्ही जाति आफैमै स्वरोजगार भएपनि शिक्षाको अभाव देखिएकोले जातिको उत्थान र विकास गर्नै शिक्षामा ध्यान दिनुपर्ने, बढई जाति एक ढिक्का हुनु पर्ने, बढई जाति पनि समाजिक रुप रुपान्तर हुँदै जानु पर्ने सुझाव दिदैं कार्यक्रमको सफलताको कामना गरेका थिए ।

पराजुलीसंग सम्पूर्ण बड्ही समाजले रंग अविर लगाएर एक अर्काका बीच शुभकामना साट्टा-साट गरेका थिए । सोही अवसरका केन्द्रि सचिव अशोक शर्माले बड्ही जातिको

वांकी अन्तिम पेजमा...

## एन्फाटामाईन आईस र ब्राउन सूगर सहित ६ जना पक्राउ

बिराटनगर । झापा र सुनसरीका तिन छुट्टाछुट्टै स्थानबाट आईतवार नियन्त्रीत लागुऔषध एन्फाटामाईन आईस र ब्राउनसुगर सहित ६ जना पक्राउ परेका छन् ।

बिषेश सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले बिर्तामोड नगरपालिका वडा नं. ३ बाट लागुऔषध एन्फाटामाईन आईस र ब्राउनसुगर सहित ४ जनालाई पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा कचनकवल गाँउपालिका वडा नं. ६ का २५ बर्षीय पञ्चानन्द राजवंशी, वडा नं. ७ को ५० बर्षीय हेमनायायण राजवंशी, मोरङ उर्लावारी नगरपालिका वडा नं. ६ को २० बर्षीय बिष्णु पोदार र उर्लावारी नगरपालिका वडा नं. ५ को १६ बर्षीय बालक रहेका छन् । निजहरुको साथबाट प्रहरीले एन्फाटामाईन आईस ६० ग्राम र ब्राउनसुगर ८० ग्राम बरामद गरेको थियो ।

त्यसैगरी झापाकै बुद्धशान्ती गाउँपालिका वडा नं. ३ बाट स्थानीय २६ बर्षीय सुवास लिम्बुलाई ब्राउनसुगर सहित पक्राउ परेको थियो । बिशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय बुधवारेबाट खटिएको प्रहरी टोलीले ५ ग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरेको थियो ।

त्यस्तै सुनसरीको धरान उप-महानगरपालिका वडा नं. २ बाट पाँचथरको फिदिम नगरपालिका वडा नं. १ का २३ बर्षीय सुवास आचार्य लागुऔषध सहित पक्राउ परेको थियो ।

वांकी अन्तिम पेजमा...

## नयाँ कार्यकारी प्रमुखसँग पत्रकारहरुको भेटघाट

बिराटनगर । स्यांङ्गजा जिल्लामा कार्यरत प्रमुख जिल्ला अधिकारी बिराटनगर महानगर पालिकामा सरुवा भएर आएपछि पत्रकारहरु संग परिचय, भेटघाट र छलफल गरेको छ ।

भेटघाटको अवसरमा बिराट नगर महानगर पालिकाको कार्यकारी अधिकृत उमेश बस्नेतले भने आफैमा कार्यकारी अधिकृतले केही गर्दैन तर महानगर पालिकाको मेयर लगायत सम्पुर्ण जनप्रतिनिधीहरुले ल्याएको योजनालाई कानुन बमोजिम कार्यन्वय गर्ने दायित्व हो सोही अनुसार गर्ने वताए ।

सोही अवसरमा विभिन्न संचार माध्यममा कार्यरत पत्रकारहरुले विराटनगर महानगर पालिका भित्र रहेको वेतिथी, कर्मचारी तन्त्र, सूचना दिनमा ढिलो, विकास निर्माणको कार्यहरुमा गुणस्तरहीनता, कर्मचारी भर्नामा असमावेशीता, बारम्वार कार्यकारीहरुको हुने सरुवा लगायतका कुराहरु उठाएका थिए ।

ती प्रश्नहरुको उत्तर दिदै ती

वांकी अन्तिम पेजमा...

BIRAT FOOTWEAR EXPO
विराट जुत्ता चप्पल व्यापार मेला
10% देखि 50% सम्म छुट



चैत्र ५ देखि बैशाख ५ गते सम्म
स्थान :- रंगेली रोड, विराटनगर (नेपाल बंगलादेश बैंक अगाडी)
सहभागी ब्राण्डहरु :-
आयोजक Footwear Manufacturer's Association of Nepal

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरुको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277
Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## बड्ही..

लागि हुँदै आएको र भविष्यमा गर्ने योजनाहरुको बारेमा जानकारी गराएका थिए ।

सोही अवसरमा बड्ही जातिका जेष्ठ नागरिक शान्ति देवी शर्मा उर्लावारी नगरपपालिका, भोला शर्मा धनपालथान गाउँपालिका, मिठु शमा, बुद्धन शर्मा, ललिता शर्मा विराटनगर महानगर पालिका र लक्ष्मण शर्मा कटहरी कटहरी गाउँपालिका गरी ६ जनालाई सम्मान गरेका थिए ।

त्यसैगरी योगदान सम्मान सुनवर्सी नगरपालिका महेन्द्र शर्मा र मरनोपरान्त रंगेली नगरपालिका राम विलास शर्माको सम्मान वहांको छारी दिव्या शर्मालाई हस्तान्तरण गरेका थिए ।


सो कार्यक्रमको सभापतित्व नेपाल बड्ही समाज मोरंगको अध्यक्ष सञ्जय शर्माले गरेका थिए भने कार्यक्रमको संयोजक विजय शर्माले गरेका थिए ।

## नयाँ...

व्यतिथीहरुलाई निर्मुन पार्न सवैको सहयोग आवश्यक रहेको वताउँदै सवैको सहयोग रहे म पनि विराटनगरकै वासी भएकोले विराटनगर महानगर पालिकालाई सफा, सुन्दर र भ्रष्टाचार मुक्त वनाउन कुनै कसर नछोड्ने वताएको थिए ।

## एन्फाटामाईन...

ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले आचार्यलाई ५ सय मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ गरिएको थियो । उक्त घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।




# होलीको अवसरमा शुभकामना आदान-प्रदान र सम्मान



बिराटनगर । "व्यापारी एकता आजको आवश्यकता नाराका साथ विराट व्यापार संघ केन्द्रिय कार्यालय बिराटनगरले प्रदेश नं. १ को प्रमुख आतिथ्यमा होली मिलन समारोह २०७७ सम्पन्न गरेको छ ।

होली मिलन समारोहमा सांस्कृतिक नाच, गान, गरी एक-आपसमा शुभकामना आदान-प्रदान गरेका थिए । सो अवसरमा जनता समाजवादी पार्टीका प्रदेश नं. १ का सांसद जयराम यादव, मोरंग जिल्ला अध्यक्ष राजकुमार यादव लगायत कांग्रेस, ऐमाले र माओवादीका नेता तथा कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो ।

त्यसैगरी सोही अवसरका सरकारी कर्मचारी संघ-संस्थाको प्रतिनिधी, पत्रकार लगायतको उपस्थिति रहको थियो । उपस्थिति सवै महानु भववले रंग अविर खेल्ने, नाच गान गर्ने र चिसो पिय पदार्थ र खाजाको स्वाद लिदै हालीको गीतको तालमा नाचेका थिए ।

# प्रदेश नं. १ का नवनियुक्त मन्त्रीहरुको सपथ ग्रहण

विराटनगर । प्रदेश १ मन्त्रिपरिषद् पुनर्गठन भएसँगै नवनियुक्त मन्त्रीहरुलाई शुक्रवार पद तथा गोपनियताको सपथ ग्रहण गराइएको थियो ।

माओवादी छाडेर एमाले प्रवेश गरेका टंक आङ्बुहाङसहित उषाकला राई, अम्बिरबाबु गुरुङ, राम राना, कला घले र राजकुमार ओझाले सपथ ग्रहण गर्नुभएको थियो ।

आङ्बुहाङलाई आर्थिक मामिला मन्त्रालय दिइएको छ भने सामाजिक विकास मन्त्रालयमा उषाकला राई, भौतिक पूर्वाधारमा अम्बिरबाबु गुरुङ र कृषिमा राम रानाले जिम्मेवारी पाउनु भएको छ ।

मन्त्रीहरुलाई प्रदेश प्रमुख सोमनाथ प्यासीले सपथ गराउनु भएको थियो । कला घलेले भूमी व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री र राजकुमार ओझाले उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्रीको जिम्मेवारी पाउनु भएको छ । उहाँहरुलाई मुख्यमन्त्री शेरधन राईले सपथ गराउनु भएको थियो ।

यसअघि आर्थिक मामिला मन्त्रालयको जिम्मेवारी सम्हालेका इन्द्रबहादुर आङ्बोलाई आफूविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन सक्रिय रहेको भन्दै मुख्यमन्त्री राईले पदमुक्त गर्नुभएको थियो । सामाजिक विकास मन्त्री जीवन घिमिरे, राज्यमन्त्री जयमाया गजमेर र उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री विजयकुमार विश्वासले राजीनामा दिएर अविश्वास प्रस्ताव पक्षमा हस्ताक्षर गर्नुभएको थियो ।




अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश ug{$f ; fy}xfn 9f8 t yf gzf /f]u, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### राजनीतिक अन्यौलता

दुई तिहाइ सांसदहरुको समर्थनमा प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले सांसदमाथि गोल प्रहार गर्दा त्यसलाई वेठी सावित गर्दै सर्वोच्च अदालतले त्यसको कदमलाई गलत सावित गर्दै सांसदलाई पुनस्थापन गरि दिएपनि आम नेपाली जनताले नैतिकताको आधारमा प्रधानमन्त्रीले र ाजीनामा दिन्छ भनेर सोचेका थिए। राजीनामा पछि राजनीतिक स्थिति ट्र्याकमा आउने अनुमान गरेका थिए। केपी शर्मा ओलीले राजीनामा नदिएपछि नेपालको राजनीतिमा नयां अन्यौलता छाएको छ। यद्यपि अहिलेको परिस्थितिमा ओलीको मात्र चाहनाले चुनावी परिणाममा कुनै प्रभाव पर्न सक्दैन भन्ने विश्लेषण पनि गर्ने गरिएको पाइन्छ। २०३६ सालमा भएको बहुदल र निर्दलको चुनावमा निर्दललाई कसरी जिताइएको थियो भन्ने इतिहास साक्षी छ। पूर्व एमाले र माओवादीबीचको पार्टी एकीकरणसँगै जन्माइएको नाम 'नेकपा' शक्तिको आडमा जन्मदर्ता भइसकेको एउटा निरीह सन्तानलाई सम्पत्ति हडप्ने नियतमा बाउ जीवित हुँदाहुँदै उक्त सन्तानलाई बेवारिसे बनाएर अर्को सन्तान खडा गर्ने निर्वाचन आयोगको दुर्नियत सर्वोच्च अदालतले मिटाई दिएको छ ।

निरंकुशतालाई बल पुग्ने गरी मानवअधिकार, गुठीलगायत विधेयकको ताना बुन्न कोरोना महामारीले पनि सहयोग पुऱ्यायो। निरंकुश शैलीमा सत्ता संचालन गरिरहँदा समेत बेखबर जस्तै आफ्नै दलका नेता र बहुदलीय प्रजातन्त्र प्राप्तिपश्चात् यति उदार कांग्रेस जस्तो प्रतिपक्षी दल शायद कुनै सरकारको पालामा देखिएन। ओलीमा अन्तर्निहित मनोविज्ञान बुझ्न सक्ने कुनै राजनीतिक खेलाडी मैदानमा नदेखिएकै कारण उनले एकछत्र गोल हान्दै गए। आत्मघाती गोल गर्दै ओलीको बचाउ गर्दै गर्दा उनले संसद माथि नै बुट प्रहार गरेपछि बल्ल प्रचण्ड-माधव र विपक्षी दलहरू झस्किएका हुन्। यथार्थता जगजाहेर छ। ओलीको प्रलोभनमा प्रचण्ड-माधवहरू तथा विपक्षी दलका नेता नलोभिएका भए शायद मुलुकले यस्तो राजनीतिक दुरवस्था भोग्नुपर्ने थिएन। ओलीले निरंकुश शैलीमा गरेका हरेक निर्णय नजिरको रूपमा स्थापित हुने र आफू प्रधानमन्त्री भएपछि मुलुकको शासन व्यवस्थालाई जनवादी गणतन्त्रउन्मुख बनाउन उनले कोरेको बाटो आफूलाई सहज हुने प्रचण्डको आत्मज्ञान र महत्वाकांक्षा यतिबेला छताछुल्ल भएको छ।

यी यथावत कारणहरुले गर्दा देशको राजनीतिक स्थिति अन्यौल भएर देशमा हुने विकास निर्माणको कार्यहरु समेत ठप्प परेको छ भने अर्थतन्त्र झन खस्कि रहेको अवस्था छ कतिपय स्थानीय निकायले कर्मचारी त भर्ना गरे तर तलव खुवाउने अवस्थामा छैन। देशलाई सुखी र समृद्ध वनाउन देशको राजनीतिक अवस्था स्थिर हुन जरुरी छ। तर ओली सरकारले राजीनामा नदिनु र अन्य पार्टीहरु वीच एकता नहुनुले देशलाई राजनीतक वन्धक बनाएको छ। यसअवस्थावाट पार पाउनको लागि अगामी चुनाव सम्म सर्वदलिय सरकार एक मात्र विकल्प रहेको छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोर ञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# दास मनस्थितिबाट माथि उठौं

कौशल गोपालवंशी

अहिलेको समयमा मधेश र गुलामी एक अर्काको पर्यावाची शब्द हो। गुलामीको जन्जिरमा बाँधिएको मधेशलाई स्वतन्त्रताको अनुभूति गराउन गरिएको सबै प्रयासहरु खेर गएको देखिन्छ। स्वतन्त्रता सेनानीहरुको प्रयास किन बिफल भए त ? आखिर कारण के होला ?

एउटा उदाहरणसँग तुलना गर्दै यसको कारण पत्ता लगाउन सजिलो हुन्छ। एक सय जनाको परिवारलाई कुनै शासकले कैदी बनाएर जेलमा हालियो। समय बित्दै गयो, त्यहा कैदीहरुको पनि सन्तान जन्मियो। सन्तानलाई विगतको घटित घटनाको भनक पनि नलाग्न दिन शासकले उनीहरुको पूर्वजलाई हत्या गरिदियो। जस्तो कि शासकले प्राय: शासन गर्दै गरेको ठाउँको ईतिहास मिटाइदिन्छ। अब नयाँ सन्ततिलाई शुरुदेखि नै गुलामीको जन्जिरले बाँध्यो। उनीहरुको बरिपरि सबै जनाको हाथमा जन्जिर थियो। जसले गर्दा नयाँ सन्ततिहरुलाई जीवनमा स्वतन्त्रताको आभाष नै भएन। तर समय बित्दै जाँदा जन्जिरमा खिया लाग्न थाल्यो। शासकले खिया लगेको देखेर जन्जिर टुटन सक्ला भनेर सबैलाई सरसफाइ भई सफा बस्न भन्यो। यी कदमले ती कैदीहरुले आफ्नो हाथमा लागेको जन्जिर समेत सफा गरि जन्जिर टल्काउन थाले। जसको जन्जिर जति टल्किन्थ्यो त्यसलाई शासकले त्यति नै राम्रो व्यक्ति हो भन्ने गर्दथ्यो। जस्तो कि जसले जति शासकको चाकरी गर्छन् त्यति नै उसले स्यावश पाउँछन्। चाकरी नगर्नेलाई अटेरी गरेको, संस्कार नभेको व्यक्ति भन्छन्। जसको जन्जिरमा खिया लगेको त्यसलाई फोहरी, फटाहा, संकोचित मान्छेको संज्ञा दिने गर्दथ्यो।

अब उनीहरुको विकास भनेको नै जन्जिरलाई टल्काउने भयो। उनीहरु पनि यसमै खुसी थिए। किनकि वरिपरिको सबै यस्तै थियो। पिढीमाथि पिढी आउँदै गर्यो। कसैले जिवनमा स्वतन्त्रताको अर्थ बुझेन, बुझे त केवल जन्जिर (चाकरी, गुलामीपन) लाई कसरी टल्काउने। जतातत्तै चाकरीबाजको वातावरणमा हुर्केकालाई चाकरी नै धर्म हो, संस्कार हो लाग्न थाल्यो।

अब यी पुस्तालाई कसरी स्वतन्त्रताको महत्व बुझाउने ? यो तरिकाले त यिनीहरु सधै गुलाम हुने हो। तिमी गुलाम छौं भन्ने कुरा बुझाउनलाई उसले आफ्नो जीवनलाई अर्कासँग तुलना गर्नु एकदम आवश्यक छ। म कति अगाडि पछाडि छु भन्ने बुझ्नलाई म आफूलाई अरु भिन्न ठाउँमा बसेकोसँग तुलना नगरी त थाहा हुन्न नि। तर दैवको खेल यहा सबै गुलाम छन्, चाकरीबाज छन्, कोसँग तुलना गर्ने नि ? गुलामी हटाउनलाई अर्का ठाउँको मान्छेसित तुलना गराउनै छ। जस्तो कि मधेशमा भएको गुलामी हटाउन तराई बहेकका जनतासँगको तुलना जरुरी छ।

एक गाउँ एक देशको हैसियत राखेको मधेशको जनतालाई अन्त्य जानु पर्ने आवश्यकता पर्दैन। जसले गर्दा अधिकांश जनताले आफ्नो जीवनलाई अरुसंग दाँज्न पाएको छैन। हो म मान्न तयार छु कि कृषिलाई धारासायी बनाएपछि मधेशका युवाहरु विदेशिन गए। त्यहाँ जस्तो विकसित देशमा गएसि त विकसित नागरिकसँग आफ्नो जीवन तुलना गर्न मैका त पाएका छन्। हो यतिसम्म त ठिक हो तर, मधेशको गुलामी मनस्थितिबाट विदेश गएका युवाले त्यहाँ पनि कम्पनीको जन्जिरमै कैद भएका छन्। महिनामा मात्र एक चोटि कम्पनीको आवास स्थानभन्दा बाहिर निस्किन्छन्। समय तालिका यति कडा हुन्छन् कि घरपरिवारलाई पनि सधैं फोनमा कुरा गर्न भ्याउँदैनन्। गएर त्यहाँको व्यक्तिसँग नजिक हुन पनि समय हुँदैन। अनि जीवनको तुलना त परको कुरा हो।

एक गाउँ एक देशको हैसियत राखेको मधेशको जनतालाई अन्त्य जानु पर्ने आवश्यकता पर्दैन। जसले गर्दा अधिकांश जनताले आफ्नो जीवनलाई अरुसंग दाँज्न पाएको छैन। हो म मान्न तयार छु कि कृषिलाई धारासायी बनाएपछि मधेशका युवाहरु विदेशिन गए। त्यहाँ जस्तो विकसित देशमा गएसि त विकसित नागरिकसँग आफ्नो जीवन तुलना गर्न मैका त पाएका छन्। हो यतिसम्म त ठिक हो तर, मधेशको गुलामी मनस्थितिबाट विदेश गएका युवाले त्यहाँ पनि कम्पनीको जन्जिरमै कैद भएका छन्। महिनामा मात्र एक चोटि कम्पनीको आवास स्थानभन्दा बाहिर निस्किन्छन्। समय तालिका यति कडा हुन्छन् कि घरपरिवारलाई पनि सधै फोनमा कुरा गर्न भ्याउँदैनन्। गएर त्यहाँको व्यक्तिसँग नजिक हुन पनि समय हुँदैन। अनि जीवनको तुलना त परको कुरा हो।

फेरि कोही भन्ला कि भारतको सीमा नजिकै छ, त्यहाँबाट तुलना गरी दास मनस्थिति परिवर्तन हुन्छ। हो तर एउटा कुरा के छ भने मधेशसँग जोडिएको भारतीय क्षेत्र मधेशभन्दा पनि पिछडिएको छ, अनि त्यहाँबाट के तुलना गर्न सकिन्छ। कोही-कोही जो पढाइको सिलसिलामा बहिर गयो त्यो यो दास मनस्थितिबाट माथी उठ्न खोज्दा उनीमाथी सबै किसिमको प्रहार गरेको देखियो। जसले गर्दा अरुले आँट्न नै सकेन। कसै कसैकोमा व्यक्तिगत परिवर्तन भयो। कसैले समाज परिवर्तन गर्न खोजेका पनि हुन् तर पूर्ण सफल भएनन्। कोही-कोही त परिवर्तन गर्छु भनेर आएकाहरु झन् कारागारको सिपाही बनेर आफ्नैमाथी शासन गर्न थालेका पनि छन्।

दु:खद कुरा के छ भने यहाँ यस्ता कारागारको सिपाही बनेर आफ्नै माथि शासन गर्नेहरुको जमात ठूलो छ। यिनीहरु कुनै कांग्रेस, कुनै राप्रपा, कुनै समाजबदी, कुनै एमाले, कुनै जनमत त कुनै कोही त कोही जस्ता ब्राण्ड भएका कम्पनीको कारागारको सिपाही भएर मधेशी जनतालाई लगातार गुलामीको जन्जिरमा बस्न बाध्य तुल्याएका छन्। त्यहीं भएर अब मधेशी जनताले जन्जिर (चाकरी) लाई टलकाउने होइन तोडनु पर्छ।

के किसान कृषिको जन्जिरमा बाँधिएका छन् त ?

जन्जिरले मान्छेलाई मार्दैन, जन्जिरले मान्छेलाई जिउँदो लास बनाउँछ। न त जिउन दिन्छ न त मर्न दिन्छ। केवल तडपाएर बाँच्न दिन्छ। हुन त किसान सबै अन्नदाता हुन्। तर नेपालमा यो लागू हुन्न। मैले आफ्नो खेतको हिसाब गर्दा औसत प्रति बिघा ८० मन धान (३२ क्विन्टल) उत्पादन हुन्छ भने खर्च चाहिँ ३० क्विन्टल जतिको लाग्छ। यहाँबाट यो साफ छ कि अहिलेको कृषिले किसानलाई न त जिउन दिन्छ न त मर्न दिन्छ। न त भोकै मर्छ न त हातमा नगद नै हुन्छ। न त बिना कपडाको हुन्छ न त राम्रो कपडा लगाउन सक्छ। न त सन्तानलाई मुर्ख बनाउँछन् न त राम्रो शिक्षा नै दिन सक्छ।

यी सबै कुराले गर्दा यो भन्न सकिन्छ कि आधुनिकता बिनाको कृषि जीवन बरदान होइन अभिसाप हो। कृषिले किसानलाई जन्जिरमा बाँधेका छन्, जसले किसानको आउने सन्तति सधै व्यापारीको गुलाम बनेर बस्ने छन्। नेपालमा ८०% भन्दा बढी कृषि र वैदेशिक रोजगारीमा निर्भरता भएको देशको ५५.५८% वार्षिक बजेट गृह र रक्षा मन्त्रालयमा हुन्छ भने १०% भन्दा कम बजेट चाहिँ कृषिको लागि छुट्टाएको हुन्छ। (मधेश दर्पण फिचर सेवा)



धुम्रपान मध्यपान
आजै देखि
त्यागौ
र
निरोगी रहौं।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५२६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५२६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५२०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# खवास जातीको जागरण अभियान

**राजेश कुमार राजवंशी**

विराटनगर । खवास जातिलाई छुट्टै तथ्यांकमा सुचक्रीतको माग खवास जातिको जागरण अभियानको लागि ७ सदस्य कार्यसमिति गठन गरेको छ ।

खवास जातिको जागरण अभियानको लागि बेलवारी नगर पालिकाका प्रभाग कुमार खवासको संयोजकत्वा सो कार्यसमिति गठन भएको हो ।

सो समितिको सचिवमा सुर्य खवास सन्दर हरैचा नगरपाकिला, कोषाध्यक्ष प्रमिला खवास सुन्दर हरैचा नगरपालिका, सदस्यहरुमा मनिता खवास सुन्दर हरैचा नगरपालिका, प्रेमलाल खवास विराटनगर महानगर पालिका, अजय कुमार खवार बुढीगंगा गाउँपालिका र राजेश खवास रंगेली नगरपालिका रहेका छन् ।



जागरण समितिका अनुसार नेपालमा २०४६ सालमा पुर्ण प्रजातन्त्र प्राप्त भए सबै जात जातिहरुले आआफ्नो अधिकार नेपालका मुल आदिवासीहरु आ आफ्नो पहिचान हक र अधिकार खोजिरहेको खवासलाई जाति आदी वासीमा सुचीकरण गर्न छुटाएकोमा आक्रोस पोख्दै आउँदो जनगणनाको लागि जागर अधियान चलाउने भएको छ ।

विधिवत रूपमा २०५४ सालमा खवास समाज दर्ता गरि खवास जातिलाई आदीवासी जनजातिमा सुचीकृत गर्न माग गर्दै आएको थिए । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठामा २०५८ सालको तथ्यांकमा जनजातिहरुलाई सुचिक्रीत गर्न सम्बन्धमा च.नं. ७२१/६८२४ मिति २०७५ चैत ४ को पत्र अनुसार नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यलयले च न १४५ मिति २०७६ चैत १४ को पत्र अनुसार नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयको च.नं. १४५ मिति २०७६ बैशाख ४ को पत्र अनुसार सबै तहका निकाय लाई आदिवासी जनजातिको सुचिमा नपरेका जातीहरुलाइ सुचिमा राख आदेश भए तापनि अझै सम्म छुटिएको जातिलाई कुनै प्रदे तथा स्थानिय तहमा सुचीकृत नगरेकोमा जागरण अभियानका संयोजकले गुनासा गरेको छ ।

खवास जातिको छुट्टै पहिचान, रितिरीवाज भएकोले छुट्टै आदीवासी जातिके रुपमा सूचिकृत गराउन अभियानले समाजमा जागरण चलाउने, सरकारलाई दवाव मुलक कार्यक्रमहरु संचालन गर्न भएको छ ।

# ब्राउनसुगर सहित पक्राउ

बिराटनगर । झापा, मोरङ र उदयपुर जिल्लाको तिन छुट्टाछुट्टै स्थानबाट मंगलबार लागुऔषध ब्राउनसुगर सहित ४ जना पक्राउ परेका छन् ।

झापा मेचिनगर नगरपालिका वडा नं. ६ का २० बर्षीय विवेक नेम्वाङ १ ग्राम ७०० मिलिग्राम लागुऔषध ब्राउनसुगर सहित पक्राउ परेका थियो । उनलाई पानीटंकीबाट नेपाल तर्फ आईरहेको अवस्थामा मेची पुलबाट पक्राउ गरिएको ईलाका प्रहरी कार्यालय काकँडभिट्टाले जनाएको थियो ।

त्यसै गरी मोरङ केराबारी गाउँपालिका वडा नं. १० का २९ बर्षीय रण बहादुर राई १० के.जी. लागुऔषध गाँजा सहित पक्राउ परेको थियो । को १९ प ९४२ नम्बरको मोटरसाईकलमा सवार गरी आएका उनलाई चेकजाँच गर्दा बोरामा बाधेर मोटरसाईकलको पछाडी लुकाएर राखीएको गाँजा फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

त्यसै गरी उदयपुर कटारी वडा नं. १ बेलसोत स्थितबाट लागुऔषध सहित दुई जना पक्राउ परेका छन । पक्राउ पर्नेमा कटारी-३ का २२ बर्षीय ऐसान खान र सोही स्थानका २० बर्षीय सुमन बोगटी रहेका छन ।

उनीहरुलाइ लागुऔषध नेटराभेट १५ ट्याब्लेट, स्पासमो प्रोक्सोभोन प्लस ७२ ट्याव्लेट सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको थियो ।

त्यसरी लागुऔषध सहित पक्राउ परेका चारै जना उपर सम्बन्धीत कार्यालयबाट थप अनुसन्धान भईरहेको छ ।

# भारतीय मदिरा प्रहरीद्वारा बरामद

झापा । झापा बुद्धशान्ति गाउँपालिका वडा नं. ४ बर्ने स्थित राजमार्गबाट अबैध रुपमा ल्याएको भारतिय मदिरा बरामद गरिएको थियो ।

सोमबार राती ईलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले मे १ ज ३३५१ नम्बरको भेन नियन्त्रणमा लिई चेकजाँच गर्दा सिटमुनी लुकाई छिपाई राखेर ल्याएको भारतिय मदिरा सिक्किम गोल्डेन नामक ८४ बोतल र फायरबल ११ बोतल फेलापारी बरामद गरेको थियो ।

बरामद गरिएको मदिरा, भेन र भेन चालक ईलाम सुर्योद्धय वडा नं. २ का २८ बर्षीय प्रकाश खड्कालाई आवश्यक कारबाहीका लागी आन्तरिक राजश्व कार्यालय चन्द्रगढी झापामा बुझाई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको थियो ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सगरमाथा उच्च मा.वि.
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजकुमार गोल्छा
उद्योगी / व्यवसायी

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजु गोयल
गोयल हाडवेयर परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
शिव सुन्दर ज्वलर्स रामजानकी पथ
विराटनगर परिवार

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिव्य ज्योति अस्पताल प्रा.लि.
परिवार बिराटनगर

DEBENARA Estd. 1971 NEPAL
CADMIUM FREE JEWELLERY
JJ JEWELLERS A PROMISE OF PURITY
PROUDLY MADE IN NEPAL
Manufacturer By:
TECHNO JAYA JEWELLERY PVT. LTD.
Works
Sanihat, Main Road,
Biratnagar-07, Morang (Nepal)
Ph.: +977-21-522419/526863
E-mail: technojaya2014@gmail.com
Liaison Office :
3rd Floor Alliance Tower, Dilibazar
(charkhal Road), Kathmandu-33, Nepal
Phone No. +977-1-4428096/4426684
Fax No.: 00977-1-4431592

► Manufactures of all types of Silver Coins, Jewellery & Utensils.
► Manufactures of Gold Jewellery as per order.
"सुन-चाँदी का गहना जे जे किन्नुस् JJ Jewellers कै किन्नुस्"



पवित्रताको प्रतिक...
ANURAG AGARBATTI DHOOP UDHYOG
www.facebook.com/debenaraagarbatti
Biratnagar, Nepal, Tel: 021-528168, e-mail: care@anuragdhoop.com | PRBT 60537693 CRBT 0160030916

# सुमित खड्को धनियाँके होली गीत विमोचन



बिराटनगर। होलीपर्वको शुभ अवसर पारेर सुमित खड्काको धनियाँ के होली गीत प्रमुख अतिथी प्रदेश नं. १ को आन्तरिक मामिला तथा कानून मन्त्री हिकमत कार्कीले विमोचन गरेको छ।

सोही अवसरमा प्रमुख अतिथी कार्कीले होली पर्व नेपालको गौरव भएको र नेपालको हिमाल पहाड र तराई तीनै ठाउंमा नेपालीहरुले भव्य रुपमा होली मनाउने गरेको सुनाउँदै आफू पनि होली खेली धेरै मन पराएको वताए। गतवर्षमा कोरोनाका कारण होली प्रभावित भएता पनि यसपालि पनि फेरी कोरोनाको हल्ला चलेता पनि मिलीजुली होली मनाउन मन्त्री कार्कीले आग्रह गरेको छ।

खड्काले निकालेको धनियाँके होली गीती एलवमा ७ वटा गीतहरु राखिएको छ। धनियाँ होली मे गीतको शव्द दीप नारायण राजवंशीको रहेको छ भने संगीत निरज श्रष्ठले दिएको छ। त्यसैगरी इन्द्रेणीको रंग वोकी गीतको संगित सुमित खड्काले दिएको छ भने शव्द पविता शर्माको रहेको छ।

त्यसैगरी रंगीवरंगी, आयो फेरी फागु, होली मे छमछमको संगित सुमित खड्काको रहेको छ भने शव्द दीपनारायण राजवंशीको रहेको छ। होली सरर..गीतको शब्द पुजा मारियाको रहेको छ भने संगीत सुमित खड्काकै रहेको छ। आयो रे आयो रे...संगित सुमित खड्को रहेको छ भने शब्द सुनिता घिमिरेको रहेको छ।

न्यू सृष्टि दैनिक पत्रिकाको आयोजनामा भएको विमोचन कार्यक्रममा सम्पादक शंकर खरेलले स्वागत मन्तव्य दिएका थिए। सो कार्यक्रमका प्रमुख अतिथी मन्त्री कार्की नेपाल पत्रकार महासंघ प्रदेश नं. १ का अध्यक्ष विक्रम लुईटेल, नेपाल पत्रकार महासंघ मोरंग शाखाको अध्यक्ष बन्धु पोखरेल, उद्योगी नन्द किशोर राठी, वेनी गोपाल मुन्दडा लगायतले संयुक्त रुपमा एल्वमको विमोचन गरेको थियो।

विमोचन पछि एक अर्का बीच रंग अविर खेलेर शुभकामना आदान-प्रदान गर्दै होलीको गीतमा सम्पुर्ण सहभागीहरु नाचेका थिए।

## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो। यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ। सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**

# खैरो हिराईन सहित ६ पक्राउ

उदयपुर। उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं. ४ नमुना स्थितबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित ६ जना पक्राउ परेका छन।

पक्राउ पर्नेमा उदयपुर चौदण्डीगढी वडा नं. ५ का २३ बर्षीय सुनिल राई, उदयपुर त्रियुगा वडा नं. १३ को २४ बर्षीय हरी खड्का, ३० बर्षीय खगेन्द्र राई र २४ बर्षीय दिपक रम्तेल रहेका छन भने सप्तरी कंकालिनीका २० बर्षिय बब्लु मुखिया र २५ बर्षीय ऋषि कुमार क्षेत्री रहेका छन।

उनिहरुलाई ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले सोमबार पक्राउ गरेको थियो। पक्राउ परेकाहरुको साथबाट ३ ग्राम ३८ मिलिग्राम खैरोहिरोईन ब्राउनसुगर, ७ बोतल कोरेक्स, ५० ग्राम गाँजा फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

त्यसै गरी उनिहरुको साथमा रहेको ६ थान मोबाईल नगद ३ हजार ५ सय २५ रुपैया समेत नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ।

# अबैद्ध कस्मेटिक समान बरामद

झापा, चैत्र १२ गते। झापाको दुई छुट्टाछुट्टै स्थानबाट १३ लाख बराबरको अबैध कस्मेटिक समान प्रहरीले बरामद गरेको छ। परीणामको अबैध समान बरामद

विहीवार दिउँसो ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले अबैध रुपमा भन्सार छली गरी ल्याएको बिभिन्न प्रकारका करिव ५ लाख बराबरको कस्मेटिक समानहरु बराबद गरेको थियो।

त्यसैगरी ईलाका प्रहरी कार्यालय काकडभिट्टाले १३ लाख भन्दा बढीको अबैध समान बरामद गरेको छ। ईलाका प्रहरी कार्यालय काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले सोही दिन अबैध लत्ता कपडा र कस्मेटिक समान गरी मेचीनगर नगरपालिका वडा नं. ६ र ५ बाट करिव १३ लाख ८३ हजार ५ सय बरामदको अबैध समान बरामद गरेको थियो।

बरामद भएको उक्त समान मेची भन्सार कार्यालय बुझाएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔं।


हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कान्तिपुर कलेज
परिवार बिराटनगर

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

पूर्वाञ्चल जल उद्योग
परिवार शान्ति चौक, बिराटनगर

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

मेरिल्याण्ड कलेज परिवार
बिराटनगर

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

रविन दहाल (प्रिन्सिपल)
मि.के.मि.एम स्कुल परिवार

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

संतोष चौधरी
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय

शुभकामना

नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

बेवी आईस क्रिम परिवार
बिराटनगर




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

# विराट व्यापार संघ होली मिलन समारोह सम्पन्न




बिराटनगर । "व्यापारी एकता आजको आवश्यकता नाराका साथ विराट व्यापार संघ केन्द्रिय कार्यालय बिराटनगरले प्रदेश नं. १ को प्रमुख आतिथ्यमा होली मिलन समारोह २०७७ सम्पन्न गरेको छ ।

होली मिलन समारोहमा सांस्कृतिक नाच, गान, गरी एक-आपसमा शुभकामना आदान-प्रदान गरेका थिए । सो अवसरमा जनता समाजवादी पार्टीका प्रदेश नं. १ का सांसद जयराम यादव, मोरंग जिल्ला अध्यक्ष राजकुमार यादव लगायत कांग्रेस, ऐमाले र माओवादीका नेता तथा कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो ।

त्यसैगरी सोही अवसरका सरकारी कर्मचारी संघ-संस्थाको प्रतिनिधी, पत्रकार लगायतको उपस्थिति रहको थियो । उपस्थिति सवै महानु भववले रंग अविर खेल्ने, नाच गान गर्ने र चिसो पिय पदार्थ र खाजाको स्वाद लिदै हालीको गीतको तालमा नाचेका थिए ।

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्र राउत
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मेक्स इन्टर नेशनल हस्पिटल
परिवार विराटनगर

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नन्द किशोर तापडिया
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रकाश मुन्दडा (अध्यक्ष)
मोरंग व्यापार संघ

NO SMOKING

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुरेश दुगड / अनिल दुगड
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
नव वर्ष २०७८ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुरक्षा अस्पताल प्रा.लि.
परिवार विरेन्द्र सभागृह अगाडी
बिराटनर

## खुकुरी प्रहार गरी श्रीमतिको हत्या

सुनसरी । सुनसरीको धरान उप-महानगरपालिका वडा नं. ८ बस्ने ३७ बर्षीय तिल बहादुर माझीलाई आफ्नै श्रीमतीको हत्या गरेको आरोपमा पक्राउ गरिएको छ ।

माझीले ३१ बर्षीया श्रीमती सम्झाना राईलाई खुकुरीले घाँटीमा प्रहार गरी घाईते बनाएको भन्ने खबर प्राप्त भए संगै अस्थायी प्रहरी चौकी बरगाछीबाट खटिएको प्रहरी टोलीले श्रीमतीको हत्यामा संग्लग्न रहेका माझीलाई पक्राउ गरेको हो ।

खुकुरी प्रहारबाट घाईते भएकी संम्झनालाई उपचारको लागी बि.पी. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान घोपा धरान लगिएकोमा उपचारको क्रममा मत्यु भएको हो ।

श्रीमतीको हत्या आरोपमा पक्राउ परेका माझीको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरीरहेको छ ।

## अबैद्ध लत्ताकपडा बरामद

बिराटनगर । भारतको जोगवनी बजारबाट भन्सारको कर छली चोरी निकासी गरी नेपाल तर्फ भित्रियाई राखेको लत्ताकपडा प्रहरीले बरामद गरेको छ ।

मंगलबार जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १५ स्थित बर्मा टोल नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी प्लाष्टिकको वोरामा लत्ता-कपडा तथा ईलोक्ट्रोनिक समानहरु बरामद गरिएको थियो ।

बरामद गरीएको सामानहरूमा झ्याल ढोकामा लागाउने पर्दा ३०० पिस, जेन्स कुर्ती ८४ पिस, लेडिज कुर्ता ४५३ पिस, ग्यास चुलाको सामान १४ प्याकेट, वासर १० प्याकेट, स्प्रिङ १ प्याकेट, ईलेक्टोनिक सामान एक कार्टुन, सिलिङ पंखाको पत्ता २०० पिस रहेको छ ।

२ लाख ३७ हजार भन्दा बढिको सामानहरु ल्याई बेवारिसे अवस्थामा १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरी टोलीले फेला पारी जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाईएको ।

## एक सय बीस केजी सिद्रा बरामद

बिराटनगर । जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १५ स्थित कटर मिल नजिक भारतको जोगवनीबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ल्याउँदै गरेको सिद्रा प्रहरीले बरामद गरेको छ ।

मंगलवार प्लाष्टिकको वोरामा ३ बोरा १ सय केजी खाधान्य ( सिद्रा) १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरबाट खटिएको प्रहरी टोलीले वेवारिसे अबस्थामा फेला पारी बरामद गरीएको थियो ।

उक्त सिद्रा जिल्ला प्रहरी कार्यालय मोरङमा ल्याई आवश्यक कारवाहीको लागि मूल भन्सार कार्यालय रानी, विराटनगरमा बुझाएको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको थियो ।

## नेपाल तथा भोजपुरी चलचित्रको सुपर स्टार विराटनगरमा

बिराटनगर । नेपाली तथा भोजपुरी चलचित्रको सुपर स्टार विराज भट्ट केही दिनको विराटनगर बसाई पछि घर फर्केको छ ।

स्थानीय स्तरमा मैथली, हिन्दी, नेपाली लगायत केही चलचित्र निर्माण सम्वन्धी केही विषेश छलफलका लागि सुपर स्टार कलाकार भट्टलाई विराटनगरमा बोलाईएको चलचित्र निर्माता संतोष सरकारले बताए ।

चलचित्र निर्माण सम्वन्धमा तत्काल भट्टले कही नबोले पनि चलचित्र निर्माण गर्ने छलफल भएको तर अझ विस्तृत छलफल पछि अर्को पटक विराटनगर आएपछि सार्वजनिक गर्ने वहांको भनाई थियो ।

भट्टलाई भेट्न विराटनगरको विग होटलमा मैथली, भोजपुरी, नेपाली, राजवंशी, मगही लगायतको कलाकारहरुको भीड लागेको थियो ।

सोही अवसर पारेर राजवंशी चलचित कर्मी संघ प्रदेश नं. १ सहसचिव विष्णु कुमार राजवंशी, राजवंशी मोडेल प्रेरणा राजवंशी र कुस्ती खेलाडी गोविन्द राजवंशी भेटघाट गरेका थिए ।

कोरोना भाइरस (कोभिड-१९) के संक्रमणसे बचैके लेल समाजिक दुरी कायम करु आर माक्स लगाऔं ।

कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएरसम्मान पाउने अवसर पनि हो । त्यसैलेकर तिरौं देशको राजश्व बढाऔं । स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएरव्यवसायी सञ्चालन गर्नुहोस् । लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर । कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्मामामा सभागी बनौं । सामान किनौं गतिलो छानेर बिल मागौं

नेपाल सरकार